# बगनासकाली गाउँपालिका, पाल्पा
## अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम
## संचालन कार्यविधि, २०७९

**प्रस्तावना :**

व्यवसायिक कृषक तथा उद्यमीलाई उनीहरुले गरिरहेको व्यवसाय र सोको सम्भाव्यताको आधारमा अनुदान प्रवाह गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्ने तथा संगठित बजारमा पशु तथा पशुजन्य पदार्थको उपलब्धता बढ्ने तथ्यलाई मध्यनजर गदै बगनासकाली गाउँपालिकाको आ. ब. २०७९/०८० को नीति तथा कार्यक्रममा मासु दुध र अण्डा उत्पादनलाई व्यावसायिककारण तर्फ उत्पेरित गरिनेछ भन्ने नीतिलाई साकार पार्न र बगनासकाली गाउँपालिकाको अनुदानमा आधारीत पशुपंक्षी विकास कार्यक्रम व्यवस्थित सरल सहज प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न यस बगनासकाली गाउँपालिकाले अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन,२०४७ को दफा १०२ को उपदफा (२)बमोजिम यो कार्यबिधि लागु गरीएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अनुदानमा आधारि पशुपंक्षी मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि,२०७९"सम्झनुपर्छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुदान" भन्नाले पशुपंक्षी पालनको लागि अनुसूची -२ बमोजिमको मापदण्ड अन्तरगत रहेका मूल्य श्रृंखलाहरुमा दिईने अनुदान सम्झनुपर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपंक्षी पालन कृषक /निजि फार्म /कृषक समूह/सहकारी संस्था र उद्यमीहरु सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले "अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि,२०७९" सम्झनुपर्छ ।

(घ) "अनुदानमा आधारित पशुपंक्षी विकास कार्यक्रम" भन्नाले बगनासकाली गाउँपालिका चिर्तुङगधारा,पाल्पा मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरी पशुपंक्षी विकासको लागि दिइने अनुदान कार्यक्रम सम्झनुपर्छ ।

(ङ) " मापदण्ड" भन्नाले अनुदानमा आधारित पशुपंक्षी विकास कार्यक्रमको लागि पेश गरिएको प्रस्ताव मूल्याङ्कनका लागि तोकिएका अनुसूची -६ बमोजिमको मापदण्ड सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले परिच्छेद ३ बमोजिम गठन गरिएको समिति सम्झनुपर्छ ।

(छ) "लगानी रकम" भन्नाले कार्यक्रमको सम्झौतामा उल्लेख भए अनुसारको अनुदानमा आधारित पशुपंक्षी विकास कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कुल लगानी रकम सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले बगनासकाली गाउँपालिका चिर्तुङ्गधारा,पाल्पा सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य** : कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) बगनासकाली गाउँपालिकाबाट संचालन हुने अनुदानमा आधारित पशुपंक्षी विकास कार्यक्र कार्यान्वियन प्रकृयालाई सरल,सहज,प्रभावकारी,पारदर्शी उवं गुणस्तरयुक्त बनाउने ।

(ख) पशुपंक्षीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुराउने ।

(ग) अनुदान वितरण नितीलाई प्रकृया मुखीबाट परिमाणमुखी तर्फ लैजाने ।

(घ) पशुपंक्षी विकास प्रणालीलाई आधुनिककीकरण,व्यवसायिकरण,गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने

(ङ) सेवा प्रवाहको प्रकृयालाई सरल,निष्पक्ष र प्रणालीयुक्त बनाउने ।

(च) लाभग्राहीहरुको छनौछ प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने ।

**४. सरोकारवाला निकायहरुको भूमिका** : अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ ।

(क) कार्यालयको भूमिका :

- कृषक/कृषक समूह/सहकारी/फार्म मार्फत एकल वा संयुक्त रुपमा पशु सेवा शाखा र वडा कार्यालयबाट कार्यक्रम संचालन हुने छ ।
- कार्यालयले प्रविधि विस्तार तथा सेवा र कार्यक्रम संचालन गर्ने छ ।
- स्थानीय तह,प्रदेश सरकार र संघीय सरकारले संचालन गर्ने पशुपंक्षी सम्बन्धी कार्यक्रमहरुमा दोहोरोपन हटाउन आपसी सहयोग समन्वय र सहकार्य गर्नेछ ।
- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आव्हान गरी मापदण्डको आधारमा प्रस्तावको मुल्याङ्कन गरी छनौट गर्नेछ ।
- यस कार्यविधि अनुसार कार्यक्रमहरुको संचालन यस गाउँपालिका कार्यालयबाट हुनेछ ।
- कार्यक्रम कार्यान्वयनको अबस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने ।
- सम्झौता बमोजिम कार्यक्रम संचालन भए नभएको अनुगमन गर्ने गराउने ।
- प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने ।
- प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने अन्य विषय पालन गर्ने गराउने ।

(ख) अनुदानग्राहीको भूमिका :

- अनुदानग्राहीले कार्यायोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्र पेश गर्नुपर्ने ।
- जुन कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रान मात्र अनुदान प्रयोग गर्नुपर्ने ।
- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने ।
- अनुदानग्राहिका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा,लागत बृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद -२

## संचालन गरिने कार्यक्रम

### ५.अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रमको विवरण

यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय अनुसार संलग्न मापदण्ड संचालन गरिने क्रियाकलापहरु र अनुदान सिमा रकमका आधारमा देहाय बमोजिमका कार्यक्रम यस गाउँपालिकाबाट संचालन हुनेछन् ।

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | पशुपंक्षी तथा मत्स्य फार्म सुधार कार्यक्रम : | | | |
| १.१ | व्यवसायिक ठुला बाख्रा फार्म सुधार कार्यक्रम । | फार्म/उद्यमी कृषकले कम्तिमा ५० गोटा भन्दा माथि बाख्रा पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>(क) खोर निर्माण /सुधार<br>(ख) मेशिनरी औजार<br>(ग) पोषण युक्त घाँस सहित आहारा<br>(घ) नश्ल सुधार<br>(ङ) औषधी तथा खोप<br>(च) जैविक सुरक्षा | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/कृषकको लगानी हुने पर्ने । |
| १.२ | व्यवसायिक ठुला गाईभैसि फार्म सुधार कार्यक्रम | फार्म /उद्यमी कृषकले कम्तिमा ११गोटा भन्दा माथि माउँ भैसि वा गाई पालन गरेको हुनु पर्ने ।<br>दुध विक्रि वितरण गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>(क) गोठ तथा भकारो निर्माण /सुधार<br>(ख) मेशिनरी औजार तथा समाग्री खरिद<br>(ग) पोषण युक्त घाँसको बिउँ खरिद<br>(घ) जैविक सुरक्षा | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/कृषकको लगानी हुने पर्ने । |
| १.३ | व्यवसायिक ठुला कुखुरा फार्म सुधार कार्यक्रम | फार्म /उद्यमी कृषकले कम्तिमा २००० गोटा भन्दा माथि लेयर्स/ब्रोईलर पालन गरेको हुनु पर्ने । र लोकल कुखुराको हकमा ५०० भन्दा माथि पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /मर्मत सुधार<br>➢ मेशिनरी औजार तथा सामाग्री खरिद<br>➢ औषधी तथा खोप व्यवस्थापन ।<br>➢ जैविक सुरक्षा । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/कृषकको लगानी हुने पर्ने । |
| १.४ | व्यवसायिक ठुला बंगुर | फार्म /उद्यमी कृषकले | छनौट भएका फार्म /उद्यमी कृषकले | बजेटको परिधि भित्र रही |

| | | | | |
|---|---|---|---|---|
| | फार्म सुधार कार्यक्रम | कम्तिमा १० गोटा भन्दा माथि माउँ बंगुर पालन गरेको हुनु पर्ने ।मासुको हकमा २१ देखि माथि बंगुर पालन गरेको हुनु पर्ने । | कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /मर्मत सुधार<br>➢ मेशिनरी औजार तथा सामाग्री खरिद<br>➢ बंगुरको पाठापाठी खरिद<br>➢ औषधी तथा खोप व्यवस्थापन ।<br>➢ जैविक सुरक्षा । | कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.५ | व्यवसायिक मझौला गाईभैसि फार्म सुधार कार्यक्रम | फार्म /उद्यमी कृषकले कम्तिमा ६ गोटा भन्दा माथि १० गोटा सम्म माउँ गाई/भैसि पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ गोठ तथा भकारो निर्माण /सुधार<br>➢ मेशिनरी औजार तथा समाग्री खरिद<br>➢ पोषण युक्त घाँसको बिउँ खरिद<br>➢ जैविक सुरक्षा | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.६ | व्यवसायिक मझौला कुखुरा फार्म सुधार कार्यक्रम | फार्म /उद्यमी कृषकले कम्तिमा ११०० गोटा भन्दा माथि २००० लेर्यस/ब्रोईलर पालन गरेको हुनु पर्ने ।लोकल कुखुराको हकमा ३००गोटा कुखुरा पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /मर्मत सुधार<br>➢ मेशिनरी औजार तथा सामाग्री खरिद<br>➢ औषधी तथा खोप व्यवस्थापन ।<br>➢ जैविक सुरक्षा । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.७ | व्यवसायिक मझौला बाख्रा फार्म सुधार कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा ३० गोटा गोटा भन्दा माथि बाख्रा पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /सुधार<br>➢ मेशिनरी औजार<br>➢ पोषण युक्त घाँस सहित आहारा<br>➢ नश्ल सुधार<br>➢ औषधी तथा खोप<br>➢ जैविक सुरक्षा | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.८ | व्यवसायिक मझौला बंगुर फार्म सुधार कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा ६ गोटा भन्दा माथि १० गोटा सम्म माउँ बंगुर पालन गरेको हुनु पर्ने । मासुको हकमा ११ देखि २० गोटा सम्म पालन गरेको हुनु | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /मर्मत सुधार<br>➢ मेशिनरी औजार तथा सामाग्री खरिद<br>➢ बंगुरको पाठापाठी खरिद | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | पर्ने । | ➢ औषधी तथा खोप व्यवस्थापन ।<br>➢ जैविक सुरक्षा । | |
| १.९ | व्यवसायिक साना बाख्रा फार्म सुधार कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा २० गोटा सम्म बाख्रा पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /सुधार<br>➢ मेशिनरी औजार<br>➢ पोषण युक्त घाँस सहित आहारा<br>➢ नश्ल सुधार<br>➢ औषधी तथा खोप<br>➢ जैविक सुरक्षा | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.१० | व्यवसायिक साना गाईभैसि भकारो सुधार कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा २ गोटा देखि ५ गोटा सम्म माउँ गाईभैसि पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ गोठ तथा भकारो निर्माण /सुधार<br>➢ मेशिनरी औजार तथा समाग्री खरिद<br>➢ पोषण युक्त घाँसको बिउँ खरिद<br>➢ जैविक सुरक्षा | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.११ | व्यवसायिक साना बंगुर फार्म सुधार कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा २ गोटा भन्दा माथि ५ गोटा सम्म माउँ बंगुर पालन गरेको हुनु पर्ने । मासुको हकमा ५ देखि १० गोटा सम्म पालेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /मर्मत सुधार<br>➢ मेशिनरी औजार तथा सामाग्री खरिद<br>➢ बंगुरको पाठापाठी खरिद<br>➢ औषधी तथा खोप व्यवस्थापन ।<br>➢ जैविक सुरक्षा । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| १.१२ | व्यवसायिक साना कुखुरा फार्म सुधार अनुदान कार्यक्रम । | फार्म / उद्यमी कृषकले कम्तिमा ५०० गोटा भन्दा माथि १००० लेर्यस/ब्रोईलर पालन गरेको हुनु पर्ने ।लोकल कुखुराको हकमा १००गोटा कुखुरा माउँ पालन गरेको हुनु पर्ने । | छनौट भएका फार्म /उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ खोर निर्माण /मर्मत सुधार<br>➢ मेशिनरी औजार तथा सामाग्री खरिद ।<br>➢ औषधी तथा खोप व्यवस्थापन ।<br>➢ जैविक सुरक्षा । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| २ | पशुपंक्षी प्रजनन सुधार कार्यक्रम | | | |
| २.१ | उन्नत प्रजनन् योग्य बोका वितरण कार्यक्रम | फार्म/उद्यमी कृषकले कम्तिमा २० गोटा सम्म | छनौट भएका कृषक /कृषक समूह/सहकारिले कार्ययोजना | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० |

| | | | | |
|---|---|---|---|---|
| | | माउँ बाख्रा पालन गरेको हुनु पर्ने । | बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ प्रजनन योग्य बोका खरिद । | प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| २.२ | उन्नत राँगो वितरण कार्यक्रम | व्यवसायिक रुपमा लामो समय देखि राँगो पालन गदै आएका कृषक /कृषक समूह/ सहकारु । | छनौट भएका कृषक /कृषक समूह/सहकारिले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ प्रजनन् योग्य राँगो खरिद । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| २.३ | बंगुरको पाठापाठी वितरण कार्यक्रम | व्यवसायिक रुपमा मासु तथा माउँ पालन गरि मासु तथा पाठापाठी उत्पादन गर्ने कृषक जसको खोर आधुनिक तरिकाले निमार्ण भएको हुनुपर्ने । | छनौट भएका कृषक /कृषक समूह/सहकारिले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ बंगुरको पाठापाठी खरिद ।<br>➢ बंगुरको पालन पोषण । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| ३. | मासु पसल सुधार कार्यक्रम | | | |
| ३.१ | मासु पसल सुधार कार्यक्रम | व्यवसायिक रुपमा मासु पसल राखि व्यवसायलाई निरन्तरता दिने व्यवसायिहरु जसले दैनिक २० के.जि. देखि माथि विक्री गरेको हुनु पर्नेछ । | छनौट भएका मासु पसलले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ मासु पसल निर्माण /सुधार<br>➢ मासु काट्ने हतियार खरिद ।<br>➢ मासु काट्ने अचानो खरिद<br>➢ डिजिटल तौल मेशिन तथा मासु पसलको लागि अति आवश्यक सामाग्रीहरु खरिद । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |
| ४. | दुध डेरी पसल मर्मत सुधार अनुदान कार्यक्रम | | | |
| ४.१ | दुधडेरी पसल मर्मत सुधार कार्यक्रम | जसले दैनिक ५० लि.भन्दा माथि दुध संकलन गरी दुध विक्रि वितरण गरेको हुनु पर्ने । | छनौट भएका दुध डेरी पसलले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने :<br>➢ डिप फ्रिज खरिद<br>➢ दुध संकलन क्यान खरिद ।<br>➢ दुध संकलनको लागि आवश्यक यन्त्रउपकरण तथा समाग्रीहरु खरिद । | बजेटको परिधि भित्र रही कुल लागतमा कम्तिमा ५० प्रतिशत फार्म/उद्यमी/ कृषकको लगानी हुने पर्ने । |

## पररिच्छेद -३

## कार्यक्रम संचालन प्रक्रिया

**६.प्रस्ताव माग :** बगनासकाली गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची - १ को ढाँचामा कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी अनुदान ग्राहीसंग प्रस्ताव माग गर्नेछ ।

**७.प्रस्ताव पेश :** दफा ६ बमोजिमका सूचनामा तोकिए बमोजिमको कागजातहरु सहित परिच्छेद -२ को दफा -५ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले यस कार्यालयले तयार गरेको निवेदनको ढाँचा सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

**८. प्रस्ताव छनौट तथा सिफारिस :** दफा ७ बमोजिम माग गरिएका कागजातहरु पशु सेवा शाखाले रुजु गरी दफा - १२ मा व्यवस्था भए बमोजिमको कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

**९.स्थलगत प्रमाणिकरण सिफारिस :** दफा -१२ बमोजिमको कार्यक्रम व्यवस्थापन समितिले अनुसूचि -३ प्रस्ताव मूल्याङ्कन आधार दफा -५ को मापदण्डहरुको आधारमा स्थलगत प्रमाणिकरण गर्ने छ ।

**१०. सम्झौता प्रक्रिया :**

- कार्यक्रम व्यवस्थापन समितिको निर्णय अनुसार सम्झौता गर्नु पर्ने कार्यक्रमहरुमा छनौट भएका अनुदान ग्राही र कार्यालय विच स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गरिनेछ ।

११. अन्य खरिद गरी वितरण गर्नु पर्ने कार्यक्रमहरुका हकमा समितिको बैठकको निर्णय अनुसार प्रचलित ऐन,कानुनको अधिनमा रही गर्नसक्नेछ ।

## परिच्छेद -४

## समिति सम्बन्धी व्यवस्था:

**१२.कार्यक्रम व्यवस्थापन समिति :** (१) कार्यक्रम कार्यान्वयन मुल्याङ्कन तथा व्यवस्थापन गर्ने देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) जिन्सी शाखा प्रमुख | सदस्य |
| (ङ) पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

(२)समितिको बैठकमा आवश्यकता अनुसार ३ जना आमनत्रण गर्न सकिनेछ ।

(३) समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्राप्त प्रस्तावहरु प्रारम्भिक छनौटको लागि आवश्यकता अनुसार पशु सेवा शाखालाई जिम्मेवारी तोक्ने ।

(ख) प्रारम्भिक छनौटमा स्वीकृत भएका प्रस्तावहरुलाई स्थलगत अनुगमन प्रमाणिकरण गर्ने वा आवश्यक अनुसार जिम्मेवारी दिने ।

(ग)स्थलगत प्रमाणिकरणबाट प्राथमिकताक्रम तोकि सिफारिस भएका प्रस्तावहरुलाई मूल्याङ्कन गरि अनुदान कार्यक्रमको लागि प्रस्ताव छनौट गर्ने ।

(घ)अनुदानको लागि सिफारिस भएका प्रस्तावहरुको विवरण थपघट गर्नु परेमा सुझाब सहित पुन प्रमाणिकरणका लागि फिर्ता पठाउने ।

(ङ)छनौटमा परी स्वीकृत भएका प्रस्तावहरुलाई सबैको जानाकारीको लागि ३ दिनको उजुरी म्याद सहितको सूचना प्रकाशित गर्ने र त्यस पश्चात छनौट भएका प्रस्तावहरुसंग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने ।

(च) कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालालाई राय सुझाव दिने ।

## परिच्छेद -५

## <u>भुक्तानी प्रक्रिया</u>

**१३.भुक्तानी प्रक्रिया :** भुक्तानी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

१. कार्य प्रगित र कार्य सम्पन्नताको आधारमा मात्र कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

२.रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेक मार्फत भुक्तानी गगरिनेछ ।

३.कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरे पछि मात्र भुक्तानी गर्नेछ ।

क. अनुदान ग्राहीले सम्झौता र कार्ययोजना अनुसारको कार्यसम्पन्न पएपश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजातपत्र सहित समयावधि भित्र पेश गर्नु पर्ने छ ।

ख.सम्पन्न भएको क्रियाकलापहरुको फोटो समावेश गर्नुपर्नेछ ।

ग.कार्यक्रम सम्पन्न भएको वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

घ .आवश्यकता अनुसार कार्यालबाट अनुगमन गरिएको अनुगमन टोलिको अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

ङ. कार्यक्रमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी र पुँजिगत निर्माण कार्यको हकमा नियमनुसार कन्टिजेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचिलित कानुन अनुसार खर्च गर्न सकिनेछ ।

## परिच्छद -६

## <u>कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय सम्बन्धी व्यवस्था</u>

**१४ सुपरिवेक्षण तथा अनुगमन** : आवश्यकता अनुसार कार्यालयले कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरि राय सुझाव र सरसल्लाहा दिनेछ ।

**१५.प्रतिवेदन** : संचालित कार्यक्रमको अनुगमन टोलिले कार्यालयलाई प्रतिवेदन उपलब्ध गराउनेछ

**१६.अनुदान प्राप्त नहुने** : नेपाल सरकारले घोषणा गरेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य आयोजना वा अन्य कार्यालयबाट सोही कार्यक्रमको लागि दोहोरो हुने गरी अनुदान प्रवाह गरिने छैन ।

१७. कारवाहीको व्यवस्था : सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसंग प्रचलित कानुन बमोजिम सरकारी वाँकीसरह असुल उपर गरिनेछ ।

**(१०) बाधा अड्चन निरुपण र संसोधन :** (१) यस कार्याबिधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सो को निरुपण कार्यालयले गर्ने छ ।

(२) यो कार्याबिधिको आबश्यक संशोधन गर्नु परेमा पशु सेवा शाखाको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची-१

दफा ६  सँग सम्बन्धित

**कार्यक्रमको प्रस्तावको ढाँचा(पशुपंक्षी, मत्स्य, डेरी तथा मासु पसलको लागि)**

**प्रथम पटक सूचना प्रकाशन मिति :**

बगनासकाली गाउँपालिका पशु सेवा शाखाको आ.ब. ०७९/०८० का लागि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वियन कार्ययोजना अनुसार तपसिलको बर्गिकरणमा रहेरका व्यवसायिक ठुला/मझौला/साना गाईभैसि/बाख्रा/बंगुर/कुखुरा फार्म सुधार,पशुपंक्षी नश्ल सुधार, मासु पसल सुधार ,दुध डेरी पसल सुधार , पशु आहारा व्यवस्थापन कार्यक्रम संचालनको लागि ईच्छुक व्यवसायिक कृषक /पशुपंक्षी फार्म/ सहकारी तथा उद्यमी हरुले सूचना प्रकाशन भएको  भएको मितिले १५ दिन भित्र २०७९/ /  गते सम्म तपसिल तोकिएका कागजातहरु संलग्न गरी बगनासकाली गाउँपालिका पशु सेवा शाखामा निवेदन सहित व्यवसायिक योजनाको सहित विस्तृत प्रस्ताव पेश गर्नु हुन सम्बन्धि सबैमा जानाकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

२.प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :

- ❖ कृषकको तथा निजि फार्मको हकमा :
  - ➢ सम्बन्धित कृषकको अनुसूची -३(क) बमोजिमको पासपोट साईजको फोटो सहितको  निवेदन ।
  - ➢ अनुसूची-३ (ख) बमोजिम कार्यक्रम प्रस्तव फारम ।
  - ➢ नेपाली नागरिकताको फोटोकपी  ।
  - ➢ सम्बन्धित व्याक्तिको लालपूर्जाको फोटोकपी ।
  - ➢ पशुपंक्षी मत्स्य पालक कृषक तथा निजी फार्मको आधिकारिक निकायमा सूचना प्रकाशन मिति भन्दा अगाडी दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
  - ➢ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
  - ➢ सम्बन्धित वडा पशु सेवा प्राविधिकको सिफारिस ।
- ❖ कृषक समूह ,सहकारी संस्था,उद्यमीहरुको हकमा :
  - ➢ अनुसूची -३(क) बमोजिमको निवेदन ।
  - ➢ अनुसूची-३(ख) बमोजिमको कार्यक्रम प्रस्ताव फारम ।
  - ➢ दर्ता प्रमाणपत्रको प्रतिलिपि
  - ➢ निर्णय माईनुटको प्रतिलिपि ।
  - ➢ पशुपंक्षी /मत्स्य सहकारी संस्था निजी फर्म तथा उद्यमीहरुको हकमा व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाण पत्र, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति ।
  - ➢ सम्बन्धित वडा कार्यालयलको सिफारिस पत्र
  - ➢ सम्बन्धित वडा पशु सेवा प्राविधिको सिफारिस ।

अनुसूची -२

दफा ५ को उपदफा (३) संग सम्बन्धीत

अनुदानमा आधारीत पशुपंक्षी तथा मत्स्य विकास अनुदान कार्यक्रमका लागि निवेदन तथा प्रस्ताव पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा,पाल्पा

**विषय : अनुदानमा आधारीत पशुपंक्षी तथा मत्स्य विकास अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।**

प्रस्तुत विषयमा तहां कार्यालयबाट मिति .............मा प्रकाशित गरिएको सूचना अनुसार अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास अनुदान कार्यक्रममा सहभागि हुन योग्यता पुगेकोले ..................बर्गिकरणको .................मूल्य श्रृङ्खला अन्तरगत गाउँपालिकाले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रहि व्यवसायिक पशुपंक्षी तथा मत्स्य कार्यक्रम संचालन गर्ने निम्न बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौँ वा छु ।

संलग्न कागजातहरु :

१.व्यवसायिक पशुपंक्षी तथा मत्स्य कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव
२.व्यवसायिक कार्यक्रम पशुपंक्षी तथा मत्स्य सम्बन्धी समूह /सहकारीको बैठकको निर्णयको प्रतिलिपि ।
३.कृषक/निजि फार्म/समूह/सहकारीको दर्ता नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
४.प्रस्तावकको नागरिकताको प्रतिलिपि ।
५.जग्गा लालपूर्जा/जग्गा सम्झौता पत्रको प्रतिलिपि ।
६.निर्माण गरिने पूर्वाधारको समान्य डिजाइन तथा प्राविधिक स्टिमेट ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
८. सम्बन्धित वडा पशु सेवा प्राविधिकको सिफारीस ।
९.अन्य ...............................।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

संस्था/समूह/सहकारी नाम :

सम्पर्क नं. :

संस्थाको छाँप

**अनुसूची -३**

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.स. | कार्यक्रम छनौट तथा मूल्याङ्कन आधारहरु | | अंक |
|---|---|---|---|
| १ | प्रस्तावित व्यवसायिक कार्ययोजना | | १५ |
| २ | व्यवसायको सम्भाव्यता/उपयुक्तता/मुल्य श्रृङ्खलाहरु | | ५ |
| ३ | प्रस्तावकको मुख्य पेशा | | ५ |
| ४ | व्यवसय प्रति अनुभव /तालिम /दिगोपना | | १० |
| ५ | पालिरहेको पशुपंक्षीको संख्या | | २० |
| ६ | उन्नत घाँस विकास गरेको वा गर्ने क्षेत्रफाल | | १० |
| ७ | लक्षित वर्ग | | ५ |
| ८ | सेवा लिएको वा नलिएको | | ५ |
| ९ | फर्म दर्ता | | १० |
| १० | बैंदेशिक रोजगारी बाट फर्केको हकमा | | ५ |
| | **जम्मा** | | **१००** |
| **व्यवसाय बर्गिकरण** | | | |
| ११ | माउँ संख्या गाई /भैसि | २ वटाको लागि - ५<br>६ देखि १० वटाको लागि -१०<br>११ देखि माथि -१५ | |
| १२ | बाख्राको संख्या | १५ देखि ३० वटा सम्म -५<br>३१ देखि ५० वटा सम्म -१०<br>५१ देखि माथि -१५ | |
| १३ | माउँ बंगुरको संख्या | २देखि ५ सम्म -५<br>६ देखि १० सम्म -१०<br>११ देखि माथि -१५ | |
| १४ | मासुको लागि संख्या | ५देखि १० -५<br>१० देखि २० सम्म -१०<br>२० देखि माथि -१५ | |
| १५ | कुखुरा संख्या | ५०० देखि १००० सम्म -५<br>११०० देखि २००० सम्म -१०<br>२००० देखि माथि -१५ | |
| १६ | सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको | (क) ७ दिन वा सो भन्दा बढी लालिम लिएको भए -५<br>(ख) ७ दिन भन्दा कम तालिम लिएको भए - ३ | |
| १७ | अघिल्ला आ.ब.मा गाउँपालिकाबाट लिएको | नलिएको भए -५<br>उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको | |

| | | |
|---|---|---|
| | /नलिएको | लागि लिएको भए -३ |
| १८ | लक्षित बर्ग | दलित र जनजातिको भए -५<br>अन्य -३ |
| १९ | प्रस्तावको मुख्य पेशा | (क) मुख्य पेशा भएमा -५<br>(ख)सहायक पेशा भएमा -३ |
| २० | फार्म दर्ता भएको | (क)पाँच वर्ष भन्दा बढी भएको -१० <br>(ख)तिन वर्ष देखि पाँच वर्ष भएको -५<br>(ग) तिन  वर्ष  भन्दा कम समय भएको -३ |
| | | |

अनुसूची -४

दफा ५ को उपदफा (३)संग सम्बन्धित

अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास अनुदन  कार्यक्रम प्रस्ताव ढाँचा

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास अनुदन  कार्यक्रमको  सि.नं. | | बर्गिकरण नं. | |

खण्ड क : आवेदक तथा व्यवसायिक कार्यक्रमको विवरण:

१.आवेदक संस्था /समूह/सहकारी/कृषक/निजि फार्म/उद्यमी सम्बन्धित विवरण :

| | |
|---|---|
| आवेदक /संस्था | नाम : |
| आवेदकको ठेगाना | बगनासकाली गाउँपालिका ..........वडा कार्यालय ...................................टोल :...............................................<br>मुवाईल नं. :................................................ |
| आवेदक संस्थाको किसिम | १.कृषक २.कृषक समूह ३.पशुपंक्षी सहकारी ४.समूह सहकारीमा आवद्ध कृषक ५.अन्य : |
| संस्था दर्ता भएको | फर्मको नाम :<br>दर्ता नं. :<br>संस्था दर्ता गर्ने निकाय :<br>दर्ता मिति :<br>स्थायी लेखा नं. :<br>फार्मको मुख्य उद्वेश्य :<br>कार्यक्रम संचालन हुने स्थान : |
| प्रस्तावकको मुख्य पेशा | |

| | |
|---|---|
| कार्यक्रमको लागि आवश्यक पूर्वधारहरु | |
| पशुपंक्षी संख्या | माउँ ......................बच्चा............................बोका/बीर/राँगो............................ |
| व्यवसायको निरन्तरता साल महिना। | |
| बैदेशिक रोजगारबाट फर्केको भए | विदेश गएको देश ..............................काम गरेको वर्ष.....................गएको मिति ............................... |
| सम्बन्धि विषयको तालिम | |
| व्यवसायिक कार्ययोजना प्रथामिकता अनुसार। | १.<br>२.<br>३. |
| प्रस्ताव पेश गरेको मुल्यश्रृङखला | मासु दुध अण्डा पशुपंक्षी उत्पादन वा अन्य .................................................. |
| प्रस्तावित कार्यक्रमको | नाम:...........................................................................<br>ठेगाना : बगनासकाली गाउँपालिका .......नं. वडा ............................ |

२.प्रस्तावित कार्यक्रममा संलग्न हुने सेवाग्राहीको पारिवारीक विवरण संख्या जम्मा सदस्य संख्या .............।

| समावेशिकरण विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| दलित | | | |
| जनजाति | | | |
| अन्य | | | |
| | | | |

३.प्रस्तावित कार्यक्रमको उद्देश्य :

१.

२.

३.

४.प्रस्तावित कार्यक्रमको कुल लागतको वांडफाँड :

| क.स. | वित्तिय श्रोत | गाउँपालिका | कृषक | जम्मा रु. |
|---|---|---|---|---|
| १ | आवेदको लगानी रु. | | | |
| २ | कार्यक्रमको लागानी रु. | | | |

| | | | | |
|---|---|---|---|---|
| | कुल लागत रु. | | | |

५.विगत दुई वर्षमा यस गाउँपालिका वा अन्य कुनै संस्थाबाट प्रस्तावित कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नु भएको भए खुलाउनुहोस ।

| | |
|---|---|
| अनुदान प्राप्त गरेको वा नगरेको | |
| सहयोग र्ने संस्थाको नाम | |
| आर्थिक वर्ष | |
| सहयोग लिएको रकम रु. | |

६. प्रस्तावित कार्यक्रमको कार्यन्वयन र व्यवस्थापन समिति ।

| क्र.स. | नाम थर | पद | विशेष भुमिका | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७.हालको व्यावसायिक विवतरण :

| क्र.स. | व्यवसाय | पशुपंक्षी संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | प्रविधिको प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८.प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त उपलब्धीहरु :

१.

२.

३.

९. व्यवसाय प्रति नवीनतम सोच र दिगोपनबारे के सोच छ ।

१.

२.

३.

माथि उल्लेखित सम्मूर्ण विवरण सहि रुपमा पेश गरेको छु कहि कतै झुठो ठहरिएमा कानुन बकोजिम सहुला बुझाउला ।

**प्रस्तावकको** **चेक गर्ने वडा पशु सेवा प्राविधिकको**

दस्तखत : दस्तखत :

नाम : नाम :

ठेगाना : दस्तखत

सम्पर्क नं. :

संस्था वा फार्मको छाँप

**अनुसूची -५**

प्रस्ताव मूल्याङकनका आधारहरु

**क)प्रस्ताव मुल्याङ्कनका आधारहरु (प्रारम्भिक मुल्याङ्कन )**

**सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेकव आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्याङ्कनको लागि छनोट गरिनेछ ।**

**ख) प्रस्ताव मुल्याङ्कनका आधारहरु (स्थलगत निरक्षण मुल्याङ्कन)**

**आवेदकको नाम :**

**प्रस्तावित कार्यक्रमको नाम :**

**कार्यक्रम संचालन स्थलको ठेगाना :**

**सम्पर्क नं. :**

| क्र.स. | कार्यक्रम छनौट तथा मूल्याङकन आधारहरु | अंक | |
|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रम कार्यान्विय स्थलको भौतिक पूर्वाधार र सम्भावनाको व्यवसायिक कार्ययोजना | १५ | |
| २ | व्यवसाय व्यवस्थापनको अवश्था र संभावना | ५ | |
| ३ | प्रस्तावकको मुख्य पेशा | ५ | |
| ४ | आर्थिक पक्ष तथा लगानी क्षमता तथा व्यवसय प्रति अनुभव /तालिम /दिगोपना | १० | |
| ५ | कार्यक्रम मापदण्ड अनुसार पशुपंक्षीको संख्या र व्यवसाय विस्तार गर्ने सक्ने क्षमता निरन्तरता उत्पादकत्व बृद्धि हुने सक्ने सम्भावना । | २० | |
| ६ | प्राविधिक रुपमा उपयुक्त स्थान वा अवस्थित | १० | |
| ७ | लक्षित वर्ग | ५ | |
| ८ | सेवा लिएको वा नलिएको | ५ | |
| ९ | फर्म दर्ता नविकरण भएको | १० | |

<table>
<tr><td>१०</td><td colspan="2">बैंदेशिक रोजगारी बाट फर्केको र सम्बन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव</td><td>५</td><td></td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>१००</td><td></td></tr>
<tr><td colspan="5">मूल्याङकन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनोटका लागि प्राथमिकिकरण सूचिमा समावेश गरिनेछ ।</td></tr>
<tr><td colspan="5">ब्यवसाय बर्गिकरण</td></tr>
<tr><td>११</td><td>माउँ संख्या गाई /भैसि</td><td colspan="3">२ वटाको लागि - ५<br>६ देखि १० वटाको लागि -१०<br>११ देखि माथि -१५</td></tr>
<tr><td>१२</td><td>बाख्राको संख्या</td><td colspan="3">१५ देखि ३० वटा सम्म -५<br>३१ देखि ५० वटा सम्म -१०<br>५१ देखि माथि -१५</td></tr>
<tr><td>१३</td><td>माउँ बंगुरको संख्या</td><td colspan="3">२देखि ५ सम्म -५<br>६ देखि १० सम्म -१०<br>११ देखि माथि -१५</td></tr>
<tr><td>१४</td><td>मासुको लागि संख्या</td><td colspan="3">५देखि १० -५<br>१० देखि २० सम्म -१०<br>२० देखि माथि -१५</td></tr>
<tr><td>१५</td><td>कुखुरा संख्या</td><td colspan="3">५०० देखि १००० सम्म -५<br>११०० देखि २००० सम्म -१०<br>२००० देखि माथि -१५</td></tr>
<tr><td>१६</td><td>सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको</td><td colspan="3">(क) ७ दिन वा सो भन्दा बढी लालिम लिएको भए -५<br>(ख) ७ दिन भन्दा कम तालिम लिएको भए - ३</td></tr>
<tr><td>१७</td><td>अघिल्ला आ.ब.मा गाउँपालिकाबाट लिएको /नलिएको</td><td colspan="3">नलिएको भए -५<br>उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको भए -३</td></tr>
<tr><td>१८</td><td>लक्षित बर्ग</td><td colspan="3">दलित र जनजातिको भए -५<br>अन्य -३</td></tr>
<tr><td>१९</td><td>प्रस्तावको मुख्य पेशा</td><td colspan="3">(क) मुख्य पेशा भएमा -५<br>(ख) सहायक पेशा भएमा -३</td></tr>
<tr><td>२०</td><td>फार्म दर्ता भएको</td><td colspan="3">(क)पाँच वर्ष भन्दा बढी भएको -१०<br>(ख)तिन वर्ष देखि पाँच वर्ष भएको -५<br>(ग) तिन वर्ष भन्दा कम समय भएको -३</td></tr>
</table>

**अनुसूची -५**

अनुदामा आधारीत पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धि कार्यक्रम संचालनको लागि अपनाइने मुल्याङ्कनका आधारहरु :

| क्र. स. | दर्ता नं. | ठेगाना | कार्य योजना (१५) | व्यावसायको सम्भाव्यता उपयुक्तता मुल्यश्रंखलला (५) | प्रस्तावको मुख्य पेशा (५) | व्यवसायको अनुभव तालिम दिगोपना (१०) | पालिरहेको पशुपंक्षीको सख्या (२०) | उन्नत घाँस विकास गर्ने क्षेत्रफल (१०) | लक्षित बर्ग (५ ) | सेवा लिएको वा नलिएको (५) | फार्म दर्ता (१०) | बैदेशिक रोजगार बाट फर्केको (५) | कुल प्रताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**मुल्याङ्कन समितिहरुका पधादिकारीहरु :**

नाम : नाम :

पद : पद :

दस्तखत : दस्तखत :

मिति : मिति :

## अनुसूची -६

## अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रमको सम्झौता पत्रको नमुना

बगनासकाली गाउँपालिकाको आ.ब. .................. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ............ कार्यक्रम संचालन गर्न बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय ( यस पछि प्रथम पक्ष भनिने ) र श्री..................(यस पछी दोस्रो पक्ष भनिने )का बिच तपसिल बमोजिमका शर्तहरु परिपालन गरी यो सम्झौता गरिदियौँ/लियौँ ।

शर्तनामाहरु :

१. दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम सुरु गर्नु पर्नेछ । सम्झौता बमोजिम २०७९/.............गते सम्म कार्य सम्पन्न गरी भुक्तानीका लागि निनेदन पेश गर्नुपर्नेछ ।

२. प्रथम पक्षले .......कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा रु...........मध्ये पहिलो पक्षले रु. .........र दोस्रो पक्षले जम्मा रु . .......लगानी गरि कार्यक्रम सम्पन्न गरिसकेपछि यस गाउँपालिकाले उपलब्ध गराउने जिन्सि सामाग्री / रकमम्ध्ये आवश्यक कर कट्टी गरि बाकी हुन आएको रकम कार्यविधिमा तोकिएको कागजात( भुक्तानी निवेदन,वडा कार्यालयको सिफारिस पत्र,बिल,भरपाई,कार्यक्रम शुरु देखि सम्पन्न सम्मको ४ वटा रङगीन फोटो ,डोर हाजिर ,प्राविधिक मुल्याङकन प्रतिवेदन) पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनको आधारमा दोस्रो पक्षलाई बैक खातामा रकम भुक्तानी दिईनेछ ।

३. पहिलो पक्षले कार्य प्रगतिको आधारमा भुक्तानि गर्नेछ । तोकिए अनुसारको परिमाण वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।

४. स्वीकृत कार्ययोजना बमोजिमका सम्पुर्ण कार्यहरुको जिम्मेवारी दोस्र पक्षको हुनेछ ।

५. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगाएत अन्य तथ्याङकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

६. पहिलो पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ ।

७. दोस्रो पक्षले सम्झौता बमोजिम काम नगरेको पाइएमा प्रशस्त कमि कमजोरी भउटिएमा पहिलो पक्षले जुनसुकै वेला पनि सम्झौता रद्ध गरी कार्यालयले प्रदान गर्ने अनुदान रकम रोक्न सक्नेछ ।

८. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराएको रकमबाट स्थपना गरिएको सामाग्रीहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोस्रो पक्षको हुनेछ ।

९. कार्यक्रम संचालन र उपभोगको क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी छलफल र परामर्शको आधारमा दुबै पक्षलाई मान्य हुने गरी समाधान खोजिनेछ ।

१०. दोस्रो पक्षले लागु गरिएको सम्झौताको हकमा सोही अनुसार र सम्झौतामा छुटेको अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| दोस्रो पक्ष | पहिलो पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

## अनुसूची -७

## व्यवसायिक बंगुर फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नु पर्ने फारमको नमूना

१. **फार्मको नाम:**

२. **ठेगाना :**

३. **फार्म धनीको नाम :**

४. **फार्म धनीको ठेगाना :**

५. **बंगुरको जात :**

६. **जैविक सुरक्षा सम्बनधी व्यवस्था**

- बार बन्देज वा गेट भए /नभएको
- गेटमा खुट्टा सफा निसंक्रमण गर्ने व्यवस्था भए/ नभएको
- बंगुरको मलमुत्र राख्ने छुट्टै व्यबस्था भए/ नभएको
- बाहिरी पशुपंक्षी भित्र पस्नबाट रोक्ने व्यवस्था भए /नभएको ।
- बंगुरको खोर दैनिक सफा गर्ने गरेको वा नगरेको ।
- व्यएको बंगुर राख्ने छुटै व्यवस्था भए /नभएको ।
- दाना खुवाउने डुड सफा र फोहोर हुन बाट रोक्ने व्यवस्था भए/ नभएको ।
- पानीको व्यव्था प्रस्त भए नभएको ।

**७.रोग सम्बन्धी विवरण :**

- अनुगमनको समयमा रोगी संकास्पद बंगुर भए /नभएको  संख्या :
- बंगुरको छाला सम्बन्धी रोग भए / नभएको ।
- रोगी बंगुर छुटै राख्ने व्यवस्था भए /नभएको ।
- स्वाईन फिवर खोप लगाए /नलगाएको ।
- बंगुरलाई नियमित जुका तथा छाला सम्बन्धी नियमित उपचार गरे / नगरेको ।
- फार्ममा पशु स्वास्थ्य प्राविधिक भए /नभएको ।

**८.प्रजनन् को लागि पालिएका बंगुर संख्या :**

- माउँ संख्या :
- भुनी संख्या :
- पाठापाठी संख्या :
- भाले संख्या :

**९. भैरहेको पूर्वाधारहरुमा बंगुर राख्न सकिने सख्या :**

- माउँ सख्या :  .................... भुनी संख्या .............भाले सख्या :..................पाठापाठी संख्या :................

**१० प्रति माउँ प्रति वेत व्याउने पटक  :**

**११ प्रति वेतमा जिवित र मृत जन्मेका पाठापाठी संख्या :**

**१२.जन्मेको पाठापाठीको औषत तौल :**

**पशु सेवा प्राविधिक निरीक्षकको :**

नाम :

दस्तखत :

मिति :

**अनुसूची -८**

**व्यवसायिक बाख्रा फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नु पर्ने फारमको नमूना**

७. **फार्मको नाम:**

८. **ठेगाना :**

९. **फार्म धनीको नाम :**

१०. **फार्म धनीको ठेगाना :**

११. **बाख्राको जात :**

१२. **जैविक सुरक्षा सम्बनधी व्यवस्था**

- बार बन्देज वा गेट भए /नभएको
- गेटमा खुट्टा सफा निसंक्रमण गर्ने व्यवस्था भए/ नभएको
- बाख्राको मलमुत्र राख्ने छुट्टै व्यबस्था भए/ नभएको
- बाहिरी पशुपंक्षी भित्र पस्ननबाट रोक्ने व्यवस्था भए /नभएको ।
- बाख्राको खोर दैनिक सफा गर्ने गरेको वा नगरेको ।
- व्यएको बाख्रा राख्ने छुटै व्यवस्था भए /नभएको ।
- दाना घाँस खुवाउने डुड टटानोको व्यवस्था भए/ नभएको ।
- पानीको व्यव्था प्रस्त भए नभएको ।

**७.रोग सम्बन्धी विवरण :**

- अनुगमनको समयमा रोगी संकास्पद बाख्रा भए /नभएको संख्या :
- बाख्रामा छाला सम्बन्धी रोग भए / नभएको ।
- रोगी बाख्रा छुटै राख्ने व्यवस्था भए /नभएको ।
- पि.पि.आर खोप लगाए /नलगाएको ।
- बाख्रालाई नियमित जुका तथा छाला सम्बन्धी नियमित उपचार गरे / नगरेको ।
- फार्ममा पशु स्वास्थ्य प्राविधिक भए /नभएको ।

**८.प्रजनन् को लागि पालिएका बाख्रा संख्या :**

- माउँ संख्या :
- थारा संख्या :
- पाठापाठी संख्या :
- बोका संख्या :

**९. भैरहेको पूर्वाधारहरुमा बाख्रा राख्न सकिने सख्या :**

- माउँ सख्या : ................... थारा संख्या ............बोके सख्या :.................पाठापाठी संख्या :................

**१० प्रति माउँ प्रति वेत ब्याउने पटक :**

**११ प्रति वेतमा जिवित र मृत जन्मेका पाठापाठी संख्या :**

**१२.जन्मेको पाठापाठीको औषत तौल :**

**पशु सेवा प्राविधिक निरीक्षकको :**

नाम :

दस्तखत :

मिति :

**अनुसूची -९**

**व्यवसायिक गाईभैसि फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नु पर्ने फारमको नमूना**

१३. **फार्मको नाम:**

१४. **ठेगाना :**

१५. **फार्म धनीको नाम :**

१६. **फार्म धनीको ठेगाना :**

१७. **गाईभैसिको जात :**

१८. **जैविक सुरक्षा सम्बनधी व्यवस्था**

- भकारो सुधार भए नभएको
- गाईभैसि थरी सुधार भए नभएको
- मलमुत्र राख्ने छुट्टै व्यबस्था भए/ नभएको
- बाहिरी पशुपंक्षी भित्र पस्नबाट रोक्ने व्यवस्था भए /नभएको ।
- दैनिक सफा गर्ने गरेको वा नगरेको ।
- पानीको व्यव्था प्रस्त भए नभएको ।

**७.रोग सम्बन्धी विवरण :**

- अनुगमनको समयमा रोगी संकास्पद गाईभैसिको भए /नभएको संख्या :
- छाला सम्बन्धी रोग भए / नभएको ।
- खोप लगाए /नलगाएको ।
- गाईभैसिलाई नियमित जुका तथा छाला सम्बन्धी नियमित उपचार गरे / नगरेको ।
- फार्ममा पशु स्वास्थ्य प्राविधिक भए /नभएको ।

**८.प्रजनन् को लागि पालिएका गाईभैसि संख्या :**

- माउँ संख्या :
- थारा संख्या :
- पाढापाढी तथा बाछाबाछी संख्या :
- राँगो संख्या :

९. भैरहेको पूर्वाधारहरुमा गाईभैसि राख्न सकिने सख्या :

- माउँ सख्या : .................... थारा संख्या .............राँगो सख्या :..................पाडापाडी संख्या :................

१० प्रति माउँ प्रति वेत व्याउने पटक :

११ प्रति वेतमा जिवित र मृत जन्मेका पाठापाठी संख्या :

१२ गाईभैसि विमा भएको वा नभएको

पशु सेवा प्राविधिक निरीक्षकको :

नाम :

दस्तखत :

मिति :